बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
व्यवसायिक किट विकास फार्म
भण्डारा, चितवन

# स्वतः प्रकाशन
# Pro-active disclosure

आ.व.२०८२/८३ को प्रथम त्रैमासिक अवधिसम्म
(२०८२ श्रावण १ देखि २०८२ असोज मसान्तसम्म)




बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय
## कृषि विकास निर्देशनालय
## व्यवसायिक किट विकास फार्म,
भण्डारा, चितवन

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण (Proactive Disclosure)

सूचना सार्वजनिक गर्ने निकायको नामः व्यवसायिक किट विकास फार्म, भण्डारा, चितवन (साबिक किम्बु नर्सरी विकास कार्यालय)

**सूचना सार्वजनिक गरेको निकायः** २०८२ श्रावण १ देखि २०८२ असोज मसान्तसम्म ।

**१. निकायको स्वरुप र प्रकृतिः**

व्यवसायिक किट विकास फार्म, भण्डाराको स्थापना रेशम खेती विकास कार्यालयको नामले वि.सं. २०४९ सालमा भएको हो। विभिन्न समयमा यस केन्द्रको नाम र संरचनामा परिवर्तन हुने क्रममा कार्य प्रकृतिका आधारमा वि.सं. २०६१ सालमा किम्बु नर्सरी व्यवस्थापन केन्द्रको रुपमा नाम परिवर्तन भई रेशम खेती विकासका विभिन्न पक्षहरुमा कार्यक्रम संचालन गर्दै आएको थियो। हालको संघिय संरचनामा बागमती प्रदेश अन्तर्गत रहेको यस कार्यालयको नाम वि.सं. २०७५ सालमा पुनः परिवर्तन भई किम्बु नर्सरी विकास केन्द्र राखिएको थियो। हाल बि.सं. २०८०/०७/२२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद निर्णय अनुसार यस केन्द्रको कार्यप्रकृति र विधाअनुसार जिम्मेवारी हेरफेर तथा वृद्धि गर्ने उद्देश्यका साथ नाम परिवर्तन गरि व्यवसायिक किट विकास फार्म राखिएको छ। जिल्ला सदरमुकाम भरतपुरबाट २५ कि.मि. पूर्व र महेन्द्र राजमार्ग देखि उत्तर तर्फ चितवन जिल्लाको राप्ती नगरपालिका वडा नम्वर ६, हर्दी, भण्डारामा अवस्थित रहेको छ। फार्मको जम्मा ३२.२ हेक्टर क्षेत्रफल मध्ये हाल करिब १६ हेक्टर जमिन र भवनहरु समेतका पूर्वाधार शसस्त्र प्रहरी गढीमाई गणद्धारा उपभोग भई रहेको छ भने यस केन्द्र अन्तर्गत रहेको बाँकी १६.२ हेक्टर जमिन मध्ये ३ हेक्टरमा मौरीपालन विकास कार्यक्रम, ५ हेक्टरमा किम्बु बगैंचा, ४ हेक्टरमा किम्बु नर्सरी, २ हेक्टरमा फलफुल बगैंचा, १.२ हेक्टरमा कार्यालय तथा आवास भवन र १ हेक्टर बाँझो रहेको छ।

पकेट/प्रभाव क्षेत्र

चितवन र मकवानपुरका विभिन्न स्थानिय तहहरुमा रेशम खेती, किम्बु क्षेत्र विकास र विस्तार तथा च्याउ खेतीको लागि केन्द्रले आफ्ना गतिविधि संचालन गर्दै आईरहेको छ। विगतमा चितवनको माडीमा कल्याणपुर, अयोध्यापुरी, बघौडा र चैनपुर तथा मकवानपुर जिल्लाको सरिखेत, निवुवाटार, वुढीचौर, कोगटे र कालिकाटारका कृषकहरु रेशम खेती व्यवसायमा आवद्ध थिए।

२. निकायको काम, कर्तव्य र अधिकारः

व्यवसायिक किट विकास फार्म, भण्डारा, चितवनको कार्य विवरण निम्न बमोजिम रहेको छ।

१. रेशम खेतीका लागि किम्बु, फलफूल तथा आलङ्कारिक विरुवाको बेर्ना उत्पादन श्रोत केन्द्रको रुपमा विकास गर्ने।
२. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको रेशम खेती विकास शाखा खोपासीको लागि बीज कोया उत्पादन गर्ने।
३. किम्बु बगैंचा व्यवस्थापन तथा किम्बुको मातृ श्रोतको संरक्षण र वृद्धि विकास गर्ने।
४. किम्बु, फलफूल तथा आलङ्कारिक विरुवाको बेर्ना उत्पादन श्रोत केन्द्रको रुपमा विकास गर्ने।
५. रेशम खेतीमा प्रविधिको अध्ययन, परिक्षण, विकास तथा प्रसार गर्ने।
६. विभिन्न प्रजातिका च्याउहरुको उत्पादन प्रविधि प्रदर्शन गर्ने।
७. च्याउको उन्नत उत्पादन तथा उत्पादनोपरान्त प्रविधि अध्ययन, परिक्षण तथा विकास गरी प्रसार गर्ने।
८. च्याउ बीउ/स्पान उत्पादन गरी कृषकहरुलाई बिक्री वितरण गर्ने।
९. निजी क्षेत्रका प्रयोगशाला मार्फत उत्पादन हुने च्याउ बीउको अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर परिक्षण गर्ने।
१०. च्याउका जर्मप्लाज्महरुको संकलन तथा संवर्धन गर्ने।
११. व्यवसायिक किट विकास सम्वन्धी अध्ययन गरी तथ्याङ्क अध्यावधिक गर्ने।
१२. व्यवसायिक किट विकास सम्वन्धी सीपमूलक तालिम संचालन गर्ने।

१३. कृषकको आवश्यकता अनुसार व्यवसायिक किट विकास सम्बन्धी सल्लाह सुझाव दिने।

१४. नेपाल कृषि अनुसन्धान परिषदको सम्बन्धित अनुसन्धान एकाइसँग समन्वय गरी नविनतम प्रविधिको प्रचार प्रसार गर्ने।

३. निकायमा रहने कर्मचारीको संख्या

क. कार्यालयमा कायम रहेको दरवन्दी विवरण

| क. सं. | पद | तह | समूह | स्वीकृत दरबन्दी | पदपूर्ती | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ बाली संरक्षण अधिकृत | अधिकृतस्तर नवौं/दशौं | बाली संरक्षण | १ | १ | ० | |
| २ | बाली संरक्षण अधिकृत | अधिकृतस्तर सातौं/आठौं | ,, | १ | १ | ० | |
| ३ | प्राविधिक सहायक | सहायकस्तर पाँचौं/ अधिकृतस्तर छैठौं | ,, | ६ | ४ | २ | |
| ४ | सहायकस्तर/अधिकृत | ,, | लेखा | १ | ० | १ | |
| ५ | सहायकस्तर/अधिकृत | ,, | सा. प्रशासन | १ | १ | ० | |
| ६ | कार्यालय सहयोगी | तह विहीन | सा. प्रशासन | २ | २ | ० | करार |
| ७ | हलुका सवारी चालक | तह विहीन | मेकानिकल ईन्जिनियरिङ्ग | १ | १ | ० | अस्थायी दरबन्दी करार |
| | जम्मा | | | १३ | १० | ३ | |

ख. आ.व. २०८२/८३ मा यस निकायमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारी संकेत नं | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | २३२१३१ | सुरुची त्रिपाठी | वरिष्ठ बाली संरक्षण अधिकृत | |
| २ | २५१५४० | कमल नयन पन्त | बाली संरक्षण अधिकृत | |
| ३ | १७६९८८ | कृष्ण प्रसाद घिमिरे | अधिकृतस्तर छैठौं | |
| ४ | २०४५६६ | जिवन सापकोटा | सहायकस्तर पाँचौं | |
| ५ | २२३५५१ | पवन यादव | सहायकस्तर पाँचौं | |
| ६ | २३०५०७ | सविता नेपाली | सहायकस्तर पाँचौं | |
| ७ | २५०७४९ | गिता भण्डारी | सहायकस्तर पाँचौं | |
| ८ | | सन्तो चौधरी | कार्यालय सहयोगी | करार |
| ९ | | ठाकुर प्रसाद ठकुरी | कार्यालय सहयोगी | करार |
| १० | | शिवराम पौडेल | हलुका सवारी चालक | करार |

४. निकायबाट प्रदान गरिने सेवा

व्यवसायिक किट विकास फार्म, भण्डारा, चितवन

नागरिक बडापत्र

| क्र.सं. | प्रदान गरिने सेवाहरु | सेवाग्राहीले अपनाउनु पर्ने प्रक्रिया | लाग्ने शुल्क/ दस्तुर | सेवाको लागि लाग्ने समय | जिम्मेवार व्यक्ति/शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | किम्बु विरुवा बिक्री वितरण | सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने | सःशुल्क/निर्धारित दर अनुसार | उपलब्धता अनुसार तत्काल | किम्बु नर्सरी शाखा | व.बा.सं.अ. |
| २ | फलफूल विरुवा बिक्री वितरण | सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने | सःशुल्क/निर्धारित दर अनुसार | उपलब्धता अनुसार तत्काल | किम्बु नर्सरी शाखा | व.बा.सं.अ. |
| ३ | धान/धान बीउ बिक्री वितरण | सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने | सःशुल्क/निर्धारित दर अनुसार | उपलब्धता अनुसार तत्काल | किम्बु नर्सरी शाखा | व.बा.सं.अ. |
| ४ | रेशम खेती र किम्बु विरुवा सम्बन्धी प्राविधिक सेवा | मौखिक वा लिखित निवेदन | निःशुल्क | तत्काल | किम्बु नर्सरी शाखा | व.बा.सं.अ. |
| ५ | च्याउ खेती सम्बन्धी प्राविधिक सेवा | मौखिक वा लिखित निवेदन | निःशुल्क | तत्काल | किम्बु नर्सरी शाखा | व.बा.सं.अ. |
| ६ | च्याउ खेती सम्बन्धी तालिम | लिखित निवेदन वा सम्बन्धित निकायको सिफारिस | निःशुल्क | स्वीकृत वार्षिक कार्यक्रम अनुसार | किम्बु नर्सरी शाखा | व.बा.सं.अ. |

५. सम्पादन गरेका कामको विवरणः २०८२ श्रावण १ देखि २०८२ असोज मसान्तसम्म

क. आ.व. २०८२/८३ को प्रथम त्रैमासिकमा भएको बजेट विनियोजन तथा खर्च विवरण

| खर्चको किसिम | वार्षिक विनियोजित बजेट (रु. हजारमा) | प्रथम त्रैमासिक विनियोजित बजेट (रु. हजारमा) | प्रथम त्रैमासिक खर्च (रु. हजारमा) | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| चालु | १६८७४.०० | ४६४९.०० | २५२५.१५५ | ५४.३१६ |
| पूँजीगत | ३५००.०० | १५००.०० | ०.०० | ०.००० |
| जम्मा | २०३७४.०० | ६१४९.०० | २५२५.१६ | ४१.०६६ |

बार्षिक बजेटको तुलनामा प्रथम त्रैमासिक अवधिको खर्चः १२.३९४ प्रतिशत

## ख. आ.व. २०८२/८३ को प्रथम त्रैमासिक अवधिसम्ममा सम्पादित मुख्य कार्यहरुको विवरण

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु |
|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | |
| १ | स्थलगत घुम्ती तालिम (च्याउ) | पटक | २ | ३३.६७० | रासी र माडी न.पा. का ४४ जना कृषकहरुले कन्ये च्याउ खेति सम्बन्धि प्राविधिक ज्ञान तथा सीप सिकेका, कृषकहरुलाई learning by doing को तरिकाबाट सिकाइएको |
| २ | धान बीउ उत्पादन तथा बिक्रि वितरण | मे.ट. | ४ | १६०.५०० | मकवानपुर-१ धानको मूल बिउ उत्पादन प्रक्रियामा रहेको (कटानी बाँकी) |
| ३ | च्याउ बीउ उत्पादन तथा वितरण | प्याकेट | २००० | ११५.८२६ | करिब ४०० केजी च्याउ बिउ उत्पादन भई लगभग १३५ केजी बिक्रि वितरण |
| ४ | फलफुल बगैंचा व्यवस्थापन तथा विस्तार | पटक | १ | १५.५०० | भुइकटहर बगैंचा स्थापना र आँपको बगैंचा व्यवस्थापन तथा विस्तार, फार्मको खाली जमीनको सदुपयोग हुने, मौरीलाई चरन हुने |
| ५ | फार्ममा गोब्रे च्याउ उत्पादन प्रदर्शन | केजी | १५०० | ०.००० | लगभग ३७५ केजी गोब्रे च्याउ उत्पादन,. कृषक तथा विद्यार्थीहरुका लागि प्रविधि अवलोकन गर्ने अवसर |
| ६ | किम्बु विरुवा उत्पादन तथा वितरण | संख्या | ३००००० | १३.५०० | करिब ६.५ हजार विरुवा बिक्रीवितरण, थप विरुवा उत्पादन गरिने |
| ७ | रेशमकोया उत्पादन | के.जी. | २०० | २४.००० | करिब २ बर्षपछी रेशमकोया उत्पादन पुनः सफल भएको |
| ८ | फार्मभित्रको किम्बु बगैंचा व्यवस्थापन | हे. | ५ | ११७.२०० | करिब ५ हे. किम्बु बगैंचामा मलजल, झारपात व्यवस्थापन तथा गोडमेल कार्य गरिएको |

## ग. राजश्वको विवरण

| क्र.सं. | राजश्व शीर्षक | जम्मा राजश्व रकम |
|---|---|---|
| १ | १४२११ (कृषि उत्पादन बिक्री आम्दानी) | रु. २१८,४९१/- |

## ६. कार्यालय प्रमुख र सुचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखः वरिष्ठ बाली संरक्षण अधिकृत, श्री सुरुची त्रिपाठी (सम्पर्क नं. ९८५५०५६००२)
सुचना अधिकारीः बाली संरक्षण अधिकृत, श्री कमल नयन पन्त (सम्पर्क नं. ९८५५०१७००२)

## ७. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः

वेबसाइटः www.kndc.gov.np
ईमेलः kimbunurserybhandara@gmail.com, iedfbhanadara@gmail.com

## ८. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः

औपचारिक किसिमबाट हालसम्म कसैबाट पनि सूचना माग नभएको। तथापि मौखिकरुपमा माग भएका सूचनाहरु एवं जानकारीहरु तुरुन्त प्रदान गरिएको। कार्यक्रमबारे कार्यालय सूचना बोर्डमा प्रकाशन, स्थानिय तहका कार्यालयहरुमा पत्राचार, पत्रपत्रिका तथा स्थानिय एफ.एम. हरुमा सुचना प्रशारण गर्ने गरेको।